**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१ साल वैशाख १७ गते सोमबारको बैठकबाट भएका निर्णयहरु**

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश प्राप्ति लगायतका आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने महान सहिद, वेपत्ता परिवार, भुमिगत जीवन व्यतित गरेका र आन्दोलनमा घाइते भएका व्यक्तिप्रति उच्च सम्मान गर्दै सहिदको सपना, जनताको आदर्श, विश्वास र भरोसालाई सदैव आत्मसात गर्न प्रण गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | माननीय मुख्यमन्त्री यामलाल कंडेलले च.नं. १२०, मिति २०८१/१/१३ गतेको पत्र मार्फत नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौंमा राय सुझाव पेश गर्नुभएको र उक्त राय सुझावको खण्ड (ख) मा उल्लिखित कोहलपुर-सुर्खेत रत्न राजमार्ग चार लेन बनाउने, सुर्खेत विमानस्थलको विस्तार र स्तरोन्नती गर्ने, निकास खोला आयोजनाको लागि बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्ने, कर्णाली करिडोर (सुर्खेत देखि हुम्ला), भेरी करिडोर (सुर्खेत देखि डोल्पा) र कर्णाली राजमार्ग (कालिकोट देखि मुगु-रारा हुदै मुगुम कार्मारोङ्गसम्म), बबई-चिसापनी र छिन्चु-बबई सुरुङमार्गको अध्ययन, भेरी लिफ्ट खानेपानी आयोजना साथै जाजरकोट र रुकुम पश्चिमका भुकम्प प्रभावित क्षेत्रमा पुर्ननिर्माण कार्यका लागि कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रममा समेत आवश्यक व्यवस्थापनका साथै स्वामित्व प्रदान गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालको तेस्रो अधिवेशन मिति २०८१/०१/१७ गते सोमबार राती १२:०० बजेदेखि लागु हुने गरी अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २३ मा व्यवस्था भए वमोजिम बढीमा ६ महिना वा नेपाल सरकारबाट प्रदेश सचिव खटाई नपठाएको अवधिसम्मका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा निमित्त सचिवको रुपमा कार्यरत श्री राजेन्द्र कुमार बासुकला (दशौं तह अधिकृतस्तर) लाई कायम मुकायम मुकरर गर्ने। |
| ५. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | बि.सं. २०८१ सालमा कर्णाली प्रदेश भित्रका सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायहरुमा देहायबमोजिम सार्वजनिक बिदा दिने र सोको सूचना राजपत्रमा प्रकाशन गर्नेः |

| क्र.सं. | पर्व/दिवसहरु | मिति | कैफियत |
|---|---|---|---|
| १. | साउने संक्रान्ति तथा देउडा पर्व | साउन १ गते मंगलबार | प्रदेशभर |
| २. | नाग पञ्चमी (साउन शुक्ल पञ्चमी) | साउन २५ गते शुक्रबार | प्रदेशभर |
| ३. | प्रदेश स्थापना तथा सहिद दिवस | भाद्र ४ गते मंगलबार | प्रदेशभर |

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव पेश गर्ने मन्त्रालय</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>४.</td><td>चन्दननाथ मन्दिरको लिङ्गो बोक्ने मेला (असोज शुक्ल त्रयोदशी)</td><td>असोज २९ गते मंगलबार</td><td>जुम्ला जिल्लामा मात्र</td></tr>
<tr><td>५.</td><td>असोज शुक्ल पूर्णिमा (कोजाग्रत पूर्णिमा)</td><td>कार्तिक १ गते बिहिबार</td><td>प्रदेशभर</td></tr>
<tr><td>६.</td><td>राम नवमी (चैत शुक्ल नवमी)</td><td>चैत्र २४ गते आइतबार</td><td>प्रदेशभर</td></tr>
</table>
तिथि अनुसार दिइने बिदाको मिति आन्तरिक मामिला तथा कानून मन्त्रालयको तत् तत् समयमा निर्णय गरी सार्वजनिक गर्ने ।
</td></tr>
<tr><td>६.</td><td>आर्थिक मामिला तथा योजना मन्त्रालय</td><td>मिति २०८१ वैशाख १९ र २० गते कर्णाली लगानी तथा विकास सम्मेलन आयोजना गर्ने गरी निर्णय भएकोमा हाललाई उक्त सम्मेलन स्थगित गर्ने।</td></tr>
</table>